# आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मिति: २०८२/०५/१५)*

**<u>प्रस्तावना:</u>** उन्नत प्रविधि प्रयोग गरी खायन तथा प्रशोधनयोग्य आलुको उत्पादन अभिवृद्धि गरी आलुको आयात प्रतिस्थापन, बीउ आलुमा आत्मनिर्भरता तथा आलु खेतीलाई उद्योगसँग जोड्दै व्यावसायीकरणमा टेवा पुऱ्याउने उद्देश्यले आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

## १. <u>प्राविधिक पक्ष:</u>

(१) यस मापदण्ड बमोजिम समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन आयोजना अन्तर्गतका देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्:-

(क) समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्द्धन सम्बन्धी कार्यक्रम,

(ख) खायन आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम।

(२) कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको मापदण्ड हुनेछ।

| क.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | | सञ्चालन प्रक्रिया |
|---|---|---|---|---|
| | | कृषक समूह/सहकारी | कृषि फर्म/कम्पनी | |
| १. | समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्द्धन सम्बन्धी कार्यक्रम | ३० रोपनी | २० रोपनी | कम्तीमा १० घरधुरी संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्था मार्फत क्लष्टरमा कार्यक्रम सञ्चालन हुने। समूह/सहकारीमा संलग्न प्रत्येक घरधुरीले कम्तीमा १ रोपनी क्षेत्रफलमा आलु खेती गर्नुपर्नेछ। निजी फर्म वा कम्पनीको हकमा एकै क्लष्टरमा कम्तीमा २० रोपनीमा खेती गर्नु पर्नेछ। |
| २. | खायन आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम | | | |

(३) समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्द्धन सम्बन्धी कार्यक्रम र खायन आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरु देहाय बमोजिम हुनेछन्।

| क.सं. | क्रियाकलाप | सञ्चालन प्रक्रिया |
|---|---|---|
| १. | बीउ बिजन, प्राङ्गारिक मल तथा खाद्य तत्व, यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्थापन गर्नुपर्नेछ। |

| | | |
|---|---|---|
| २. | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | सिँचाइ व्यवस्थापन हुने गरी सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, बोरिङ, लिफ्टिङ, पाइप आदिको व्यवस्थापन गर्न सकिनेछ। |
| ३. | संकलन केन्द्र निर्माण, भण्डार गृह निर्माण, प्रशोधन केन्द्र निर्माण | आलु संकलन, भण्डारण र प्रशोधनको लागि पूर्वाधार निर्माण गर्न सकिनेछ। |
| ४. | बजार प्रवर्द्धन सहयोग | आलुको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ गरी बजारीकरण गर्न सहयोग तथा सहजीकरण गर्न सकिनेछ। |
| ५. | कृषक क्षमता अभिवृद्धि तालिम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले कार्यक्रम सञ्चालन हुने समुदायमा प्रचलित खर्चको मापदण्ड बमोजिम स्थलगत कृषक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्नेछ। |
| ६. | आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने तथा रोगकिराको प्रक्षेपण गर्ने र सोको उपयुक्त व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ। |
| ७. | आलु खेती सम्बन्धी प्रविधि प्रदर्शन | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले नै उपयुक्त स्थान पहिचान गरी सञ्चालन गर्ने। |

(४) समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्द्धन सम्बन्धी कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले प्रस्ताव पेश गर्दा आलुको प्रशोधन तथा मूल्य अभिवृद्धिको प्रारम्भिक योजना समेत पेश गर्नुपर्नेछ।

(५) कृषि ज्ञान केन्द्रले सिफारिस गरेका बाली तथा प्रविधिको अबलम्बन गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

(६) कृषि ज्ञान केन्द्रले उल्लिखित कार्यक्रमहरु सञ्चालन गर्दा स्वीकृत बजेटको परिधिभित्र रही एक जिल्लामा एक जना कृषि प्राविधिक नियुक्ति गरी नियमित प्राविधिक पृष्ठपोषण हुने र तथ्याङ्क संकलन तथा प्रोफाइल तयार गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(७) यस मापदण्ड बमोजिम भण्डार गृह निर्माण वा प्रशोधन केन्द्र निर्माण गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्नेछ।

(८) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा आगामी आ.व. मा बीउ आलुमा जिल्लास्तरमा आत्मनिर्भर उन्मुख हुने गरी बीउ उत्पादन सम्बन्धी कार्यलाई समेत प्राथमिकतासाथ सञ्चालन गर्नुपर्नेछ।

(९) प्रदेश सरकारले आलुको समर्थन मूल्य निर्धारण गरी कार्यान्वयन विधि तय गरेको खण्डमा यस मापदण्ड बमोजिम सञ्चालन हुने कार्यक्रमबाट तोकिएको विधि अनुरुप सहुलियत उपलब्ध गराई कृषकको न्यूनतम मुनाफा सुनिश्चित गर्न सकिनेछ।

२. <u>आर्थिक पक्षः</u>

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) कृषि पूर्वाधार निर्माण (समुदायस्तर लाभान्वित हुने साना सिँचाइ संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्बन्धित पुर्वाधार निर्माण) कार्यमा बढीमा ९० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। व्यक्तिगत कृषि फर्मको हकमा बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको ३% नबढ्ने गरी कार्यक्रम सहजीकरणको लागि अभिमुखीकरण कार्यक्रम तथा अनुगमन मूल्याङ्कनमा खर्च गर्न सक्नेछ।

३. <u>निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः</u>

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछः

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

४. <u>संक्षिप्तसूची तयार गर्नुपर्नेः</u>

(१) प्रस्तावहरुको विस्तृत मूल्याङ्कन गर्नु अगावै छनोट समितिले देहाय बमोजिमका आधारमा संक्षिप्तसूची तयार गर्नेछ।

(क) क्लष्टरमा न्यूनतम क्षेत्रफल पुगे/नपुगेको वा क्लष्टर मिले/नमिलेको

(ख) आलु बालीका लागि अत्यावश्यक सिँचाइ अवस्थाहरु (Critical Irrigation Stages) मा सिँचाइ गर्न पुग्ने पानीको स्रोत भए/नभएको।

(ग) माग गरिएका आवश्यक कागजातहरु पेस गरे/नगरेको।

(२) संक्षिप्तसूचीमा नपरेका प्रस्तावहरु मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

**५. अनुदानग्राही छनोटको लागि मूल्याङ्कनका आधारः** संक्षिप्तसूचीमा परेका आवेदकको प्रस्ताव मूल्याङ्कनको आधार देहाय बमोजिम हुनेछ।

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **(१)** | **आलु खेती हुने क्षेत्रफल** | **४०** |
| (क) | न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | ३० |
| (ख) | न्यूनतम भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा न्यूनतम क्षेत्रफलको लागि ३० अङ्क प्रदान गरी प्रति २० प्रतिशत थप क्षेत्रफलका लागि १ अङ्कका दरले थप गरी अधिकतम १० अङ्कसम्म प्रदान गर्ने | १० |
| **(२)** | **जग्गाको स्वामित्व** | **१०** |
| (क) | आवेदकको आफ्नो वा संस्थाको हकमा सदस्यहरुको आफ्नो स्वामित्वमा रहेको जग्गा भएको | १० |
| (ख) | जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गरिने | ८ |
| **(२)** | **अनुदान पाएको अवस्था** | २० |
| (क) | विगतमा कुनै पनि किसिमको अनुदान प्राप्त नगरेको | २० |
| (ख) | विगतमा फरक प्रकृतिको कृषि कार्यका लागि अनुदान प्राप्त गरेको | १० |
| (ग) | विगतमा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको | ५ |
| **(३)** | **जग्गाको अवस्थिति** | **१०** |
| (क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | १० |
| (ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | ५ |
| | नोटः क्र.सं. ३ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी १०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| **(४)** | **प्रशोधन/बजारीकरण योजना** | **१०** |
| (क) | आफैंले प्रशोधन र बजारीकरण गर्ने | १० |
| (ख) | प्रशोधन/बजारीकरणको लागि अन्य उद्योग/व्यापारीलाई बिक्री गर्ने | ५ |
| **(५)** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, प्रशोधन योजना, बजार सुनिश्चितता, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अङ्क प्रदान गर्ने) | **१०** |
| | **जम्मा** | **१००** |

६. **संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

७. **प्रचलित कानुन बमोजिम हुनेः** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

८. <u>**खारेजी र बचाउः**</u> (१) आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।